प्रतिदिन १७औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY




वर्ष-१७ ।। अङ्क : २२९ ॥ २०८२ असोज २४ गते शुक्रबार (10th Oct 2025 Friday) Pratidin National Daily मूल्य-रु.५/-

# भूमि समस्या समाधान आयोग खारेज

झापा(प्रस) । सरकारले भूमि समस्या समाधान आयोग र सबै जिल्ला समितिहरू खारेज गर्ने निर्णय गरेको छ ।

सिंहदरबारमा बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले भूमि समस्या समाधान आयोग



गठन आदेश २०८१ बमोजिम गठन भएको आयोग र सबै जिल्ला समितिहरू खारेज गर्ने निर्णय गरिएको सरकारका प्रवक्ता जगदीश खरेलले जानकारी दिए ।
त्यस्तै सरकारले जलविद्युत् आयोजना निर्माणका लागि स्रोत व्यवस्थापन गर्न २० अर्ब रुपैयाँ बराबरको ऊर्जा बन्ड चरणबद्ध रूपमा निष्कासन गर्न स्वीकृति प्रदान गरेको छ ।
मन्त्रिपरिषद्को बैठकले यस्तो निर्णय गरेको सञ्चारमन्त्री जगदीश खरेलले जानकारी दिए । त्यस्तै हवाई सुरक्षासम्बन्धी प्रतिवेदन पनि कार्यान्वयनमा लैजाने निर्णय गरेको छ ।

केपी शर्मा ओलीको समयमा न्यायाधीश अनिल सिन्हा हालका उद्योगमन्त्रीको नेतृत्वमा हवाई क्षेत्रका बारेमा अध्ययन गर्न न्यायिक समिति गठन भएको थियो । समितिले बुझाएको प्रतिवेदन सरकारले गोप्य राखेको थियो ।
त्यस्तै सरकारले भिजिट भिसामा भएको अनियमितताबारेको छानबिन प्रतिवेदन कार्यान्वयनका लागि गृह मन्त्रालयमा पठाउने निर्णय गरेको छ ।

सरकारले यसअघि भिजिट भिसासम्बन्धी मानव बेचबिखनलगायत भ्रष्टाचारका विषयमा छानबिन समिति गठन गरेको थियो ।
प्रतिवेदन प्रधानमन्त्री कार्यालयमा रहेको थियो । त्यसलाई कार्यान्वयन गर्न सम्बन्धित मन्त्रालयमा पठाउने निर्णय गरेको हो ।

यसैबीच गृह मन्त्रालयले मापदण्डभन्दा बढी सुरक्षाकर्मी लगेको भन्दै एमाले अध्यक्ष केपी शर्मा ओली र माओवादी अध्यक्ष पुष्पकमल दाहालको सुरक्षार्थ खटिएको टोलीमा कटौती गरेको छ ।
मन्त्रालय उच्च स्रोतका अनुसार, ओलीले लगेका मापदण्डविपरीतका २८ सुरक्षाकर्मीलाई बिहीबार फिर्ता बोलाइएको छ भने दाहालका ३४ सुरक्षाकर्मीलाई फिर्ता बोलाइएको छ । दाहालको सुरक्षामा ५२ सुरक्षाकर्मी खटिँदै आएका थिए । विशिष्ट व्यक्ति सुरक्षा कार्यविधिअनुसार, पूर्वप्रधानमन्त्रीसहित उच्चपदस्थहरूलाई सुरक्षा व्यवस्था गर्ने प्रावधान छ ।

## पाठ्यक्रमको परिमार्जन र अद्यावधिक गर्न मन्त्री पुनको निर्देशन



झापा(प्रस) । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महावीर पुनले पाठ्यक्रमको समसामयिक परिमार्जन र अध्यावधिक गर्न निर्देशन दिएका छन्।
बुधबार पाठयक्रम विकास केन्द्र अवलोकन र त्यहाँका पदाधिकारीसँगको छलफलपछि उनले मातृभाषाको पाठ्य पुस्तकहरूको विकासमा सहयोग गर्ने, पाठ्यपुस्तकमा नैतिक शिक्षा, व्यावहारिक शिक्षा, इतिहास, संविधानसम्बन्धी ज्ञान दिने कुरालाई उच्च प्राथमिकता दिन निर्देशन दिएका हुन्।
'पाठयक्रम विकास केन्द्रमा दुई घन्टा छलफल भयो। सामुदायिक र संस्थागत विद्यालयहरूको पाठ्यक्रमको विकास गर्दा ज्यादै नै गम्भीर भएर काम गर्नु पर्ने, पाठ्यक्रमको परिमार्जन र अद्यावधिक समयमा गर्ने, मातृभाषाको पाठ्यपुस्तकहरूको विकासमा सहयोग गर्ने, पाठ्यपुस्तकमा नैतिक शिक्षा, व्यावहारिक शिक्षा, इतिहास, संविधानसम्बन्धी ज्ञान दिने कुरालाई उच्च प्राथमिकता दिने निर्देशन दिएको छु। आगामी वर्ष देखि कक्षा ९ र १० मा १०० नम्बरको कम्प्युटर विषय अनिवार्य गरिने भएकोले सोहीअनुसार पाठ्यक्रम विकास गर्न निर्देशन दिएको छु,' उनले फेसबुकमार्फत् भनेका छन्।
मन्त्री पुनले नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानसमेत अवलोकन गरेका थिए। त्यहाँ रहेका ल्याबहरूको अवस्था हेरेका थिए। त्यसपछि उनले प्रतिष्ठानको भवन र त्यसमा रहेका ल्याब उच्च कोटीको रहेको र सोहीअनुसार काम हुनुपर्ने जोड आफूले दिएको उनले बताए।
'नास्टमा दुई घन्टासम्म छलफल र ल्याबहरू अवलोकन गरियो। ३७ करोड बजेटमा २७ करोड रुपैयाँ प्रशासनिक र १० करोड रुपैयाँ अनुसन्धान र नवप्रवर्तनमा छुट्याएको रहेछ। नास्टलाई उच्च कोटीको अनुसन्धान केन्द्र कसरी बनाउने भन्ने कुराको सुझाव त्यहाँ कार्यरत सबैलाई यही हप्ताभित्र दिन सबैलाई निर्देशन दिएको छु। भवन र ल्याबहरू उच्च कोटीका छन्। भवन र ल्याब अनुसारको उच्च कोटीको काम हुनुपर्ने कुरामा जोड दिएँ,' उनले भनेका छन्।

मन्त्री पुनले शिक्षा तथा मानव श्रोत विकास केन्द्र पनि अवलोकन गरेका छन्। त्यहाँ आफूले तीन घन्टासम्म छलफल गरेको उनले बताएका छन्।
'शिक्षकहरूको दरबन्दी मिलान, विद्यार्थी संख्या ज्यादै न्यून रहेको विद्यालयहरू मर्ज कसरी गर्ने, विद्यालयमा योग्य र सक्षम प्रधानाध्यापकहरूको नियुक्ति गर्न देशैभरि लागु हुने गरी कार्यविधि बनाउने, अनलाइन सिकाइको लागि डिजिटल शैक्षिक सामग्रीहरू निर्माणमा जोड दिन कार्यक्रम बनाउने,' आफूले निर्देशन दिएको कुरा उनले उल्लेख गरेका छन्।

## झापामा एकैदिन ३ जनाले झुन्डिएर गरे आत्महत्या




झापा(प्रस) । झापामा आत्महत्या गर्नेको संख्या बढ्दै गएको छ ।
बुधवार २४ घण्टामा जिल्लाका ३ जनाले झुन्डिएर आत्महत्या गरेका छन् । बुधवार बिहान हल्दिबारी -२ बस्ने २६ वर्षीय राजेश राजवंशीले आफ्नै घरको सुत्ने कोठाको बाँसको बलोमा सलको पासो लगाई झुन्डिएर आत्महत्या गरेका हुन् । त्यस्तै बुधवार राति भद्रपुर- ६ तेलिभिट्टा बस्ने ४० वर्षीय चन्द्रसिंह राजवंशीले घरदेखि ७०० मिटर उत्तर बरको रुखमा प्लाष्टिकको पासो लगाई आत्महत्या गरेका छन् ।

त्यस्तै बुधवार हल्दिबारी -३ आँपगाछी बस्ने ६८ वर्षी मोहनलाल गिरीले छिमेकी मानबहादुर थानथुङको बारीमा रहेको लिचिको रुखमा प्लाष्टिकको डोरीको पासो लगाई आत्महत्या गरेका छन् ।

त्यसको अघिल्लो दिन झापामा दुईजनाले आत्महत्या गरेका थिए । एकजनाले विष सेवन र अर्कोले झुन्डिएर आत्महत्या गरेका थिए । सो दिन तीनजनाले विष सेवन गरेका थिए । दुईजनाको उपचार भइरहेको छ । झापामा दिनहुँजसो आत्महत्याको प्रयास र आत्महत्या गर्नेको तथ्यांक डरलाग्दो रहेको छ ।

## मोटरसाइकल दुर्घटनामा एकको मृत्यु ,दुई घाइते

झापा(प्रस) । मोरङमा भएको मोटरसाइकल दुर्घटनामा एकजनाको मृत्यु भएको छ भने दुईजना घाइते भएका छन् ।

बिहीवार बिहानको राति १ बजे मोरङ कटहरी- १ महेशपुर चौधरी चोकस्थित भित्री सडकखण्डमा पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको प्रदेश १-०४-००२ प ०४६४ नम्बरको मोटरसाइकल आफै अनियन्त्रित भई बिजुलीको पोलमा ठक्कर खाई दुर्घटना भएको हो । दुर्घटनामा मोटरसाइकल चालक बिराटनगर -६ बस्ने ३५वर्षीय हरिओम राजवंशीको मृत्यु भएको हो । पेट ,छाति,दाहिने हातमा चोट लागेर उपचारको लागि कोशी अस्पताल बिराटनगरमा ल्याउँदा डाक्टरले चेकजाँच गर्दा उनको मृत्यु भइसकेको थियो ।

त्यस्तै मोटरसाइकलमा पछाडि सवार सोही ठाउँ बस्ने बर्ष ३४का सन्दिप राजवंशी र बर्ष ३३ का बसन्त राजवंशी घाइते भएका छन् ।

उनीहरुलाई सामान्य उपचारपश्चात् थप उपचारको लागि बिराट नर्सिङ होम बिराटनगर रेफर गरिएको छ ।


## झापामा दशैमा ४ जनाले दुर्घटनामा ज्यान गुमाए




झापा(प्रस) । यस वर्षको दशैमा झापामा ४ जनाले दुर्घटनामा ज्यान गुमाएका छन् । गत असोज ६ गते घटस्थापनादेखि असोज २० गते कोजाग्रत पूर्णिमाको दिनसम्म जिल्लामा ४ जनाले दुर्घटनामा ज्यान गुमाएका हुन् । सो अवधिमा ५५ वटा दुर्घटना भएका थिए । ती दुर्घटनामा परी ६ जना गंभीर घाइते र १०६ जना सामान्य घाइते भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ ।
अघिल्लो वर्षको तुलनामा यस वर्षको दशैमा दुर्घटना संख्या र दुर्घटनाबाट भएको क्षति घटेको हो ।
गत वर्षको दशैँमा सवारी दुर्घटनामा परी ७ जनाले ज्यान गुमाएका थिए ।

## जेनजी शहीदहरुको संभ्कनामा रास्वपाद्वारा दीप प्रज्वलन

झापा(प्रस) । जेनजी आन्दोलनको एक महिनाको स्मृतिमा सहादत प्राप्त शहीदहरूप्रति राष्ट्रिय स्वतन्त्र पार्टीले बिर्तामोडमा दीप प्रज्वलन गरेको छ । रास्वपा बिर्तामोड नगर समिति आयोजनामा बिहीवार साँझ ६ बजेदेखि बिर्तामोडको मुक्तिचोकमा बिर्तामोड नगर



समिति अध्यक्ष दिपक दाहालको अध्यक्षतामा जेनजी आन्दोलनको एक महिनाको स्मृतिमा सहादत प्राप्त शहीदहरूप्रति श्रद्धा सुमन सभा तथा दीप प्रज्वलन गरिएको हो ।कार्यक्रममा नगर अध्यक्ष दाहालले जेन्जी र रास्वपाका मागहरु एउटै रहेको भन्दै जेन्जीका सबै मुद्धा सरकारले पूरा गर्न आवश्यक रहेको बताएका थिए ।




कपुरी मोटोकर्प प्रा.लि.
बिर्तामोड,झापा सम्पर्क: ०२३५३०४५२,९८०२६००५१९,९८०२६००५३१



# झापाली समाज साउदी अरबद्वारा एलइडी हस्तान्तरण

झापा(प्रस) । झापाली समाज साउदी अरबले झापाको शिवसतासी नगरपालिका-४ स्थित त्रिभुवन माध्यमिक



विद्यालयलाई एक थान एलइडी हस्तान्तरण गरेको छ। विद्यालयमा आयोजित एक विशेष समारोहका बीच समाजका तर्फबाट हस्तान्तरण गरिएको उक्त उपकरण विद्यालयका प्रधानाध्यापक नारायणप्रसाद चापागाईंले ग्रहण गरे। कार्यक्रममा शिवसतासी नगरपालिका-४ का वडा अध्यक्ष बिष्णुप्रसाद प्रसाई विशेष अतिथि रहेका थिए । कार्यक्रममा झापाली समाज साउदी अरबका अध्यक्ष रबिन गिरीले समाजले विदेशमा रहेर पनि आफ्नो जन्मभूमिप्रतिको दायित्व सम्झँदै शिक्षा, स्वास्थ्य र सामाजिक विकासका क्षेत्रमा निरन्तर सहयोग गर्दै आएको बताए ।समाजका तर्फबाट पूर्व अध्यक्ष राजेन्द्र थापा, सह-सचिव देवीबहादुर कार्की, सदस्य राजिव श्रेष्ठ र सदस्य कृष्णमाया हुमागाई समेतको उपस्थिति रहेको थियो। प्रधानाध्यापक चापागाईंले विद्यालयका तर्फबाट धन्यवाद ज्ञापन गर्दै उक्त सहयोगले विद्यालयमा आधुनिक प्रविधिमार्फत सिकाइ वातावरण सुधार गर्न र विद्यार्थीहरूमा अध्ययनप्रतिको उत्साह बढाउन मद्दत पुग्ने विश्वास व्यक्त गरे ।

# अस्पतालभित्र एमआर आए कारबाही गरिने



झापा(प्रस) । अस्पतालभित्र औषधि कम्पनीका मेडिकल रिप्रेजेन्टेटिभ (एमआर)आए कारबाही गरिने भएको छ । ज्ञ बिभिन्न औषधि कम्पनीका एमआर हरुले अस्पतालमा ड्युटीमा रहेका चिकित्सकसँग भेटघाट गर्दा उपचाररत बिरामीहरुलाई असुबिधा पर्न गएपछि उनीहरुलाई आउन रोक लगाइएको हो । अस्पताल जस्तो संवेदनशील स्थलको कार्य वातावरणमा समेत नकारात्मक असर पर्ने हुँदा अब उप्रान्त अस्पताल परिसरभित्र बिभिन्न औषधि कम्पनीका व्यापारिक प्रतिनिधिहरुले आफ्नो कम्पनीको व्यवसायिक प्रबर्द्धन सम्बन्धी कार्य नगर्न र नगराउन निजामती कर्मचारी अस्पतालले जनाएको छ ।

अस्पतालले एक सूचना जारी गरी यसअघि सूचना प्रकाशन गरिसकेकोमा हाल पनि सो कार्य भइरहेको बुझिन आएकाले अब यस्ता कार्य भएको पाइएमा नियमानुसार कारवाही हुने चेतावनी दिएको छ ।

# घरको छतबाट हाम्फालेर र लडेर दुई गम्भीर घाईते

झापा(प्रस) । झापामा घरको छतबाट हाम्फालेर र लडेर दुईजना गम्भीर घाइते भएका छन् । मंगलवार दिउँसो ४.३० बजे दमक - ४ बगान बस्ने ३८ वर्षीय युवान लिम्बू (मानसिक अबस्था ठिक नभएको)ले आफ्नै २ तले घरको छतबाट हाम्फालेका थिए ।

उनले आत्महत्याको प्रयास गर्दा गम्भीर घाइते भई उपचारको लागि निम्स अस्पताल दमक लगिएको थियो । त्यहाँ सामान्य उपचारपश्चात् थप उपचारको लागि बिराट टिचिङ अस्पतालमा भर्ना गरिएको छ । उनको दुबै खुट्टा र मेरुदण्ड भाँचिएकोले अबस्था गम्भीर रहेको छ ।

त्यस्तै बुधवार दिउँसो ४:४५ बजे भोजपुर घर भई हाल बिर्तामोड वडा न.५ गजुरमुखी टोलमा मोहनप्रसाद उप्रेतीको घरमा डेरा गरी बस्ने ५४ वर्षीय टंक राई मादक पदार्थ सेवन गरी सिढि चढ्ने क्रममा अचानक लडेका छन् । टाउकोमा चोट लागेका राईको बिर्तासिटी अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।


## जेष्ठ नागरिकको सम्मान गरौं ।

**जेष्ठ नागरिक अनुभव र ज्ञानका भण्डार हुन्ः**

- जेष्ठ नागरिकको भूमिकालाई परिवार र समाजमा महत्व दिऔं,
- निर्णय प्रक्रियामा समावेश गराऔं,
- स्वास्थ्य र सुरक्षा सुनिश्चित गरौं,
- एक्लोपन हटाउन सँगै समय बिताउने गरौं,
- सामाजिक र सांस्कृतिक कार्यक्रममा सहभागी गराऔं,
- आर्थिक रूपमा सहयोग र सुरक्षा उपलब्ध गराऔं,
- अधिकार र स्वाभिमानको रक्षा गरौं,
- सद्भाव र माया बढाई परिवार र समाजको अभिन्न हिस्सा बनाऔ

नेपाल सरकार विज्ञापन बोर्ड


## ऋण/कर्जा चुक्ता भुक्तान गर्ने बारे ३५ दिने सूचना

मिति २०८२/०६/२४

तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट विभिन्न ऋण/कर्जा शिर्षक अन्तर्गत उपभोग गर्दै आएको ऋण/कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज तथा अन्य दैदस्तुर नबुझाई बैंकसंग गरेको ऋण/कर्जा सम्बन्धी शर्तहरुको उल्लंघन गरेको र पटक/पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत बेवास्ता गरेकाले ऋणी, जमानतकर्ता एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण कर्जासंग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ता भुक्तान गर्नु/गराउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित मितिले ३५ (पैतिस) दिनभित्र यस बैंक/सम्बन्धित शाखामा सम्पर्क राखी बैंकबाट लिएको ऋण कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज र अन्य दैदस्तुर चुक्ता भुक्तान गर्नु/गराउनु होला । अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि ऋणी, व्यक्तिगत जमानीकर्ताहरु एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण/कर्जासंग सम्बद्ध सबै पक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश गर्न लेखि पठाई कर्जाको सुरक्षण स्वरुप बैंकलाई दिएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरि बैंकको सम्पूर्ण लेना रकम असुलउपर गर्ने तर्फ आवश्यक कारबाही अघि बढाइने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुलउपर नभएमा असुलउपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा समेत सुचित गरिन्छ ।

**तपसिल**

| शाखा कार्यालयः बिर्तामोड | कर्जा शिर्षक : सवारी साधन कर्जा |
|---|---|
| **ऋणी, संस्थागत जमानतकर्ता तथा व्यक्तिगत जमानतकर्ताको विवरण** | |
| **ऋणीः** कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाडौंमा मिति २०७७/०८/१५ मा द.नं. २४८५५१/०७७/०७८ अन्तरगत रजिष्टर्ड/दर्ता भएको रजिष्टर्ड ठेगाना झापा जिल्ला बिर्तामोड न.पा. वडा नं. ३ भई हाल सोही स्थानमा स्थित बूलेट बस प्रा. लि । | |
| **धितो सूरक्षणको विवरण :**<br>एक्सेल डेभलपमेन्ट बैंक लि.को नाममा दर्ता कायम रहेको तपशिल बमोजिमका बसहरु ।<br>१. प्रदेश १-०१-००१ ख ३७६० को इ.सं. २०२० मा बनेको इन्जिन नम्बर KLHZ413718, च्यासिस नम्बर MB1PBEFDZLAKL1249 भएको Ashokleyland बस ।<br>२. प्रदेश १-०१-००१ ख ३७६३ को इ.सं. २०२० मा बनेको इन्जिन नम्बर KLHZ413716, च्यासिस नम्बर MB1PBEFD4LAKL1250 भएको Ashokleyland बस ।<br>३. प्रदेश १-०१-००१ ख ३७६४ को इ.सं. २०२० मा बनेको इन्जिन नम्बर KXHZ412016, च्यासिस नम्बर MB1PBEFD5KALL1212 भएको Ashokleyland बस ।<br>४. प्रदेश १-०१-००१ ख ३७५८ को इ.सं. २०२० मा बनेको इन्जिन नम्बर KLHZ415474, च्यासिस नम्बर MB1PBEFD0LAKL1567 भएको Ashokleyland बस ।<br>५. प्रदेश १-०१-००१ ख ३७५९ को इ.सं. २०२० मा बनेको इन्जिन नम्बर KLHZ415472, च्यासिस नम्बर MB1PBEFD2LAKL1568 भएको Ashokleyland बस । | **संस्थागत जमानीकर्ता**<br>नामः नेपाल बस टिकट बुकिङ् एण्ड अटो प्रा.लि<br>दर्ता नंः १५०९४९/७२/०७३<br>दर्ता मितिः मिति २०७३/०३/०१<br>रजिष्टर्ड ठेगानाः काठमाडौं जिल्ला, काठमाडौं म.न.पा, वडा नम्बर ३५<br>दर्ता भएको कार्यालयः कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपूरेश्वर काठमाडौं ।<br>अख्तियार प्राप्त प्रतिनिधिः उमेश खड्का<br>ना प्र नं : ४६४७३८२८/२१३९ (महोत्तरी, २०५७/११/१४) |

| **संचालक/व्यक्तिगत जमानीकर्ता** | **संचालक/व्यक्तिगत जमानीकर्ता** | **संचालक/व्यक्तिगत जमानीकर्ता** | **व्यक्तिगत जमानीकर्ता** |
|---|---|---|---|
| नाम : कुसुम लामा<br>बाबु : सर्वजित सिं तामाङ<br>बाजे : फौड सिं तामाङ<br>ना प्र नं : ६४९८/६२०७ (काठमाडौं २०४२/०६/३०)<br>ठेगाना : काठमाडौं जिल्ला, काठमाडौं म.न.पा., वडा नं. ०२, स्थायी ठेगाना भै हाल सोही स्थानमा बस्ने । | नाम : सरोज न्यौपाने<br>बाबु : देवी बहादुर न्यौपाने<br>बाजे : काली बहादुर न्यौपाने<br>ना प्र नं : २३०८ (मोरङ २०६२/०१/२१)<br>ठेगाना : मोरङ जिल्ला, राजघाट गा.वि.स., वडा नं. ०२, स्थायी ठेगाना भै हाल झापा जिल्ला, विर्तामोड न.पा., वडा नं. ०१, बस्ने । | नाम : उमेश खड्का<br>बाबु : टेक बहादुर खड्का<br>बाजे : कमल बहादुर खड्का<br>ना प्र नं : ४६४७३८२८/२१३९ (महोत्तरी २०५७/११/१४)<br>ठेगाना : महोत्तरी जिल्ला, खयरमारा गा.वि.स., वडा नं. ०८, स्थायी ठेगाना भै हाल काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा., वडा नं. ०५, बस्ने । | नाम : प्रेम प्रसाद पाठक<br>बाबु : शिव कुमार पाठक<br>वाजे : गंगाधर पाठक<br>ना प्र नं : ५१५२,२५ (झापा २०४६/०३/१३)<br>ठेगाना : झापा जिल्ला, सुरुङ्गा गा.वि.स., वडा नं. ०७, स्थायी ठेगाना भै हाल झापा जिल्ला, कन्काई न.पा., वडा नं. ०३, बस्ने । |

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.

कर्जा असुली विभाग

## जनश्रुती महिला बचत तथा ऋण सहकारी संस्था लि.

बिर्तामोड-५, झापा

प्रकाशित मिति-२०८२/०६/२४

### साधारण सभा सम्बन्धी सूचना

यस जनश्रुती महिला बचत तथा ऋण सहकारी संस्था लि. को यही असोज ४ गते बसेको संचालक समितिको बैठकले संस्थाको १२ औं वार्षिक साधारण सभा आगामी कात्तिक २२ गते शनिवार गर्ने निर्णय गरेको हुँदा सो साधारण सभामा सम्पूर्ण सदस्यज्यूहरुलाई अनिवार्य उपस्थितिका लागि सूचित गरिन्छ । साधारण सभा हुने स्थान र समय तय गर्न बाँकी रहेकाले त्यसबारे टुंगो गरी जानकारी गराइने छ ।

**तुलकुमारी राजवंशी**
अध्यक्ष

## बुद्धशान्ति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

### नक्सा पासको लागी संधियारको नाममा जारी गरिएको १५ दिने सुचना

यस गाउँपालिकाको वाड नं. १ बस्ने श्री रविन कुमार लिम्बुको नाममा दर्ता कायम रहेको साविक बुधबारे-६ हाल बुद्धशान्ति गाउँपालिका को वडा नं. १ स्थित.. मा तपशिलमा उल्लेख भए बमोजिमको टोल मार्गमा पर्ने कि. न. ४८०९ ज.वि.०-०-८.२५ आवासीय भवन. ..निर्माण गर्न स्वीकृतिको लागी पेश भएकोमा मिति २०८२/०६/२३ मा नक्सापासको लागी संधियारको नाममा जारी गरिएको १५ दिने सुचना सम्बन्धित स्थानमा सुचना टाँस गर्न जादा तपशिलमा भएका संधियारहरु नभेटिनु भएको हुँदा जारी मिति वाट १५ दिन भित्र साध, संधियार, बाटो, नदिनाला र सार्वजनिक जग्गालाई असर पर्ने वा नपर्ने सो को उजुरी गर्नका लागी यो बमोजिम नक्सा पास भईजाने व्यहोरा अनुरोध छ ।

| सि. नं. | जग्गाको विवरण | घरको विवरण | जग्गा धनि सधियार |
|---|---|---|---|
| १ | साविक बुधबारे ६ | लम्बाईः ३४'-४" | पूर्व : श्री सोमनाथ लिम्बु |
| | हाल वुद्धशान्ति १ | चौडाईः २४'-०" | पश्चिमः |
| | कि.नं ४८०९ | उचाईः ३४'-३" | |
| | क्षेत्रफल : ०-०-८.२५ | क्षेत्रफलः २, २६१.११ व.फि. | उत्तर : श्री चन्द्र बहादुर बि.क. |

## कर्णाली बचत तथा ऋण सहकारी संस्था लि.

बिर्तामोड-४, झापा

### कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५ दिने सार्वजनिक सुचना

प्रकाशन मिति - २०८२/०६/२४

यस संस्थाको महानन्दचोक सेवाकेन्द्रका तपशिलमा उल्लेखित ऋणीले व्यवसायीक कर्जा शीर्षक अन्तर्गत यस संस्थाबाट लिएको ऋण यस संस्थासँग गरेको शर्त र तोकिएको भुक्तानी तालिका बमोजिम तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नुभएकोले पटक-पटक लिखित तथा मौखिक तर-तागेता गर्दा एवम् प्रत्यक्ष भेटघाट तथा सम्पर्क गरी ऋण चुक्ता गर्न अनुरोध गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गरी हाल सम्म पनि ऋणको साँवा,ब्याज नबुझाएको हुँदा सञ्चालक समितिको मिति २०८२/५/३१ गतेको निर्णय अनुसार कर्जा चुक्ता गर्न आउने सम्बन्धी यो ३५(पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा संस्थामा सम्पर्क गरी संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा रकम र सो भन्दा अघिल्लो दिनसम्मको लाग्ने ब्याज र हर्जना समेत सम्पूर्ण रकम चुक्ता गर्न गराउनुहुन तपाई ऋणी सदस्य तथा जमानीकर्ता लगायत सम्वद्ध सबैमा सूचित गरिन्छ। अन्यथा सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५ ले दिएको अधिकार प्रयोग गरी कर्जाको सुरक्षण बापत संस्थाका नाममा दृष्टिबन्धक गरिदिएको धितो लिलामी प्रकृया मार्फत कर्जा रकम असुल गर्न संस्था बाध्य हुने ब्यहोरा समेत यसै सूचनामार्फत अवगत गराईन्छ।

| क्र. सं. | ऋणीको नाम | ठेगाना | ना.प्र.नं. | ऋण लिएको मिति | लगानी रकम | जग्गा धनीको बिवरण | धितो रहेको जग्गाको ठेगाना | कि.नं. | क्षेत्रफल | मिति २०८२/६/२३ सम्मको तिर्न बाँकी रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ऋणी-राजेश कोईराला बाबु-भिम बहादुर कोईराला बाजे-चन्द्र बहादुर कोईराला | अर्जुनधारा न.पा.-६ | २०४४/५४ झापा | .२०७७/११/२३ | ८,५०,०००/ | ज.ध.- -राजेश कोईराला बाबु-भिम बहादुर कोईराला बाजे-चन्द्र बहादुर कोईराला | शनिश्चरे-८ | १०१३४ | ९१४.२८ ब.मि. | ८,६३,५७२/२६ |

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

### चुनावमा भाग नलिँदा आकाश खस्दैन

लोकतान्त्रिक राज्य प्रणालीमा निर्वाचनको विकल्प हुँदैन । जेनजी आन्दोलनले बहुदलीय लोकतन्त्र र बालिग मताधिकारमा आधारित स्वतन्त्र तथा निष्पक्ष निर्वाचन अस्वीकार गरेको छैन । ढिलो चाँडो नयाँ चुनाव त हुन्छ नै । मुलुकले लोकतान्त्रिक मार्ग नछोड्ने, नयाँ चुनाव हुने कुरामा सबै पक्ष र शक्ति विश्वस्त छन् ।

तर, अब हुनु पर्ने चुनाव त्यति सस्तो, सजिलो होइन । सामान्य संसदीय नियमितताको चुनाव होइन । यो त युग परिवर्तनको, जेनजी आन्दोलनपछिको, देशको इतिहासमा यसअघि कहिल्यै नभएको दुई दिनभित्रै ७६ जना नागरिकको बलिदान र २ हजारभन्दा बढी घाइते भएपछि आएको चुनाव हो । यसलाई सामान्य संसदीय निर्वाचनजस्तो व्यवहार गर्नु विद्रोह, आन्दोलन र क्रान्तिको नियमलाई नबुझ्नु वा चुनौती दिनु हो । जानेर वा नजानेर अर्को विद्रोहको सम्भावनालाई जीवित राख्नु हो ।

जेनजी आन्दोलनलाई एकातिर देशभित्रको मौलिक विद्रोह र सार्वभौम क्रान्ति नभएर विदेशी षडयन्त्र सिद्ध गर्ने प्रयास भइरहेको छ । आन्दोलनले सत्ताबाट लखेटेका, अपदस्थ नेता र दलले षडयन्त्रको सिद्धान्तको उपयोग गरेर आफ्ना असक्षमतालाई ढाकछोप गर्नु वा मुखको तीतो पोख्नु त स्वाभाविक नै हो । दुर्भाग्य – देशको कथित बौद्धिक जमात र नागरिक समाजले समेत क्रान्तिको सार्वभौमिकतालाई स्वीकार गर्न सकेको छैन ।

एउटा–जेनजी आन्दोलनको मर्म र भावनालाई स्वीकार, सम्मान, आत्मसात् र सम्बोधन गर्न चाहने, अर्को– जेनजी आन्दोलनलाई असंवैधानिक विध्वंस, हिंसा र प्रतिक्रान्ति सिद्ध गर्न खोज्दै अपमान, तिरस्कार र बदनाम गर्न चाहने दल । कुन–कुन पुराना दल यी दुईमध्ये कुन कित्तामा उभिन्छन्, त्यसले ठूलो अर्थ राख्ने छ । सम्भवतः आगामी मतदान एक महत्वपूर्ण मानक तत्व यही विभाजन र ध्रूवीकरण हुनेछ ।

कतिपयले घोषित फागुन २१ गतेको चुनावमा विघटित प्रतिनिधिसभाका पुराना दलले भाग लिन्छन् वा लिँदैनन् भन्ने प्रश्नलाई आवश्यकताभन्दा बढी महत्व दिएको देखिन्छ । खासमा यो मूल र महत्वपूर्ण प्रश्न होइन । निर्वाचनमा भाग लिने वा नलिने राजनीतिक दलको स्वतन्त्र छनौटको विषय हो । कानुनी प्रक्रिया, निर्वाचन आयोग र सरकारले चुनावमा भाग लिन पाउने तिनको अधिकारमा कुनै प्रकारको व्यवधान खडा गर्नु हुँदैन, तर त्यति गर्दा पनि भाग लिँदैनन् भने पनि आकाश खस्दैन । कुनै दल हुनु वा नहुनले लोकतन्त्रको भविष्य निर्धारण हुँदैन । नयाँ नयाँ दल बनाएर नागरिकले लोकतन्त्रलाई जीवन्त राख्ने छन् ।

समय, युग र इतिहासले कसैलाई पर्खेर बस्दैन । चुनावमा भाग नलिए ती आफैँ असान्दर्भिक र कमजोर हुन्छन् । यति कुरा ती दलले राम्ररी बुझेको हुँदा धेरै चिन्ता गर्न आवश्यक छैन । जेन जी आन्दोलनबाट किनारामा धकेलिएका अपदस्थ दलले भाग लिए चुनाव सफल हुने, नलिए नहुने होइन । हो, चुनावको निष्पक्षता, शुद्धता, स्वतन्त्रता, तटस्थता र पवित्रता भने कायम हुन पर्दछ । यो राज्य र निर्वाचन आयोगको कर्तव्य हो । चुनावमा भाग लिनु र नलिनु दलको इच्छाको कुरा हो ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# अब पुनर्निर्माण सिंहदरबारको कि पूरै देशको ?


• यादव भट्टराई

भ्रष्टाचार, बेथिति, असमानता र बेरोजगारीविरूद्ध भन्दै उठेको जेन-जी पुस्ताको विद्रोहले नेपालको राजनीतिलाई मात्र होइन, समग्र सामाजिक तथा आर्थिक संरचनालाई समेत गहिरो रूपमा तरंगित बनाएको छ।

देशमा भ्रष्टाचार, बेथिति र असमानता अवश्य थियो, त्यसैले जनचाहना अनुरूप काम गर्न नसक्ने राजनीतिक दलहरूप्रति गहिरो वितृष्णा विकसित भइरहेको थियो।

नापी, मालपोत, यातायात, कर, भन्सार, कम्पनी, स्थानीय निकाय, राहदानी विभाग र अध्यागमन लगायत कार्यालयहरूमा घुस-लेनदेन सामान्य जस्तै भइसकेको थियो। जनताले सेवा प्राप्त गर्नभन्दा पहिले सिफारिस, चिनजान र काम गराउने नाममा पैसा तिर्नु नियमजस्तै बन्दै गएको थियो।

यस्ता संरचनात्मक बेथितिहरूले आम नागरिकमा गहिरो अविश्वासको भावना विकास गराउँदै लगे, जसले गर्दा राज्यप्रतिको भरोसा क्रमशः कमजोर हुँदै गयो र असन्तोष संगठित आक्रोश तर्फ मोडिन थाल्यो।

तर देशभर एकै पटक यति ठूलो विद्रोह कसरी सम्भव भयो भन्ने प्रश्न भने अत्यन्त महत्त्वपूर्ण छ।

यसै गरी 'नेपाल खत्तम छ, यो देशमा भविष्य छैन, नेतादेखि कर्मचारीसम्म सबै चोर छन्' भन्ने कठोर अभिमत कसरी हरेक घर-घरसम्म पुग्यो भन्ने अर्को महत्त्वपूर्ण प्रश्न हो।

विशेष गरी गणतन्त्र स्थापनापछि नेपालमा गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा, रोजगार, सञ्चार, यातायात, खानेपानी, बिजुली, सरसफाइ, सहरी विकास, कृषि, पर्यटन, ऊर्जा, पूर्वाधार विकास, औद्योगिकीकरण, प्रतिव्यक्ति आय, साक्षरतादर, जीवनस्तर, आर्थिक वृद्धि लगायत क्षेत्रहरूमा साँच्चिकै कस्तो प्रगति भयो ?

प्रत्येक क्षेत्रमा सम्बन्धित विज्ञहरूले गहिरो समीक्षा गरी जनतामा यथार्थ र तथ्य आधारित जानकारी पुऱ्याउनु आवश्यक छ।

अहिले नेपाली समाजमा नेपालमा केही पनि भएको छैन भन्ने जुन भाष्य निर्माण भइरहेको छ, के यो सत्य हो? होइन भने जनताले किन यसको अनुभूति गर्न सकेनन्? कि केही सीमित वर्गका लागि मात्र उपलब्धि केन्द्रित भएको हो?

यसको लेखाजोखा सम्बन्धित विज्ञहरूले गर्ने नै छन्, तर यसलाई बेवास्ता गर्नु गम्भीर गल्ती हुनेछ। राज्यले अब तथ्यांकमा मात्रै होइन, जनताको अनुभूति र अनुभवमा आधारित विकासको मूल्यांका गर्नुपर्ने बेला आएको छ।

नेपालको सन्दर्भमा जनताले नेपालमा केही पनि भएको छैन भन्ने अनुभूति गर्नुका पछाडि केबल भ्रष्टाचार, बेरोजगारी वा आर्थिक समस्याहरू मात्र कारण होइनन्, व्यवस्थित सहरी विकासको अभाव पनि एक महत्त्वपूर्ण पक्ष हो।

अहिले नेपालको प्रायः हरेक घरबाट कोही न कोही विदेश पुगेका छन् – युरोप, अमेरिका, अस्ट्रेलिया, जापानदेखि लिएर खाडी मुलुकहरूसम्म।

ती मुलुकहरूको समृद्धि हेर्ने भनेको सडक, यातायात, फोहोर व्यवस्थापन, हरियाली, सार्वजनिक स्थान, नियम, अनुशासन र समग्र व्यवस्थित सहरीकरण हो। ती सबको तुलनामा नेपालका सहरहरू अस्तव्यस्त, योजनाविहीन र नागरिकमैत्री नभएको स्पष्ट देखिन्छ।

आज दुबई र सिंगापुरलाई समृद्ध देख्नुको मूल कारण त्यहाँको व्यवस्थित सहरी योजना र स्मार्ट सिटीको अवधारणामा आधारित विकास हो।

विदेश नगएका नयाँ पुस्ताका युवाहरू पनि पब्जी, फ्री फायरजस्ता गेम र भर्चुअल रियालिटी दुनियाँमार्फत विकसित देशहरूको सहर, सुविधा र जीवनशैली हेर्न थालिरहेका छन्।

तर जब उनीहरू आफ्नै वरिपरि अव्यवस्था, दुर्गन्ध, धूलो र अभाव मात्र देख्छन्, तब उनीहरूमा देशप्रतिको विश्वास कमजोर बन्दै जान्छ। यही अनुभवले उनीहरूलाई निराश र बेचैन बनाइरहेको छ। त्यसैले नयाँ पुस्ताको भावना र अपेक्षा सम्बोधन गर्न पनि अब हाम्रो विकासको प्राथमिकता व्यवस्थित सहरीकरणमा केन्द्रित हुन आवश्यक छ।

रियल-इस्टेट क्षेत्रको अवस्था

नेपालमा पछिल्ला केही दशकयता सहरीकरण तीव्र गतिमा अघि बढिरहेको छ। रोजगारीका अवसर, गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा सहज पहुँच, आधारभूत पूर्वाधारको विस्तार तथा सडक सञ्जालको विकासले ग्रामीण जनसंख्या सहरतर्फ आकर्षित भइरहेको देखिन्छ।

योसँगै, राजनीतिक अस्थिरता र प्राकृतिक विपत्तिहरूले पनि ग्रामीण बासिन्दालाई सुरक्षित बसोबासको खोजीमा सहरी क्षेत्रमा बसाइँसराइ गर्न प्रेरित गरेका छन्। विशेषगरी विगतमा माओवादी सशस्त्र युद्ध क्रममा ग्रामीण क्षेत्रमा व्याप्त हिंसा, असुरक्षा र आर्थिक गतिविधि कमजोर बनेका कारण पनि धेरै मानिसले प्रमुख सहरहरूलाई सुरक्षित गन्तव्यका रूपमा रोजे।

साथै, वैदेशिक रोजगारीका कारण आएको रेमिटेन्सले ग्रामीण घरपरिवारको आयस्तरमा वृद्धि गर्दै उनीहरूलाई सहरी क्षेत्रमा बसोबास गर्न उत्प्रेरित गऱ्यो।

यस्तै विभिन्न कारणले तीव्र गतिमा बढ्दै गएको सहरीकरणका परिणाम स्वरूप नेपालमा उद्यमी, व्यापारी, व्यवसायी, कर्मचारी, राजनीतिज्ञ, जनप्रतिनिधि सबै घरजग्गा कारोबारमा सक्रिय भए।

सरकार तथा बैंकिङ प्रणालीमा आफ्नो प्रभाव प्रयोग गर्दै बजेट र मौद्रिक नीतिसमेत आफू अनुकूल बनाउन थालियो। अत्यन्तै खुकुलो कर्जा विस्तारको नीति लागू भएसँगै ठूलो परिमाणमा रियल-इस्टेट क्षेत्रमा पैसा प्रवाह गरियो। सहकारीको पैसा समेत रियल-इस्टेटमा खनिन थाल्यो। व्यवसायीहरूले विभिन्न शीर्षकमा ऋण लिएर घरजग्गामा लगानी गर्न थाले।

तर विशेष गरी अर्थशास्त्रीहरूले रियल-इस्टेटमा अत्यधिक पूँजी र स्रोत बढेकाले उत्पादन र रोजगारी सिर्जना हुन नसकेका कारण यस क्षेत्रलाई अनुत्पादक क्षेत्र मान्दै सुधारको आवश्यकता आएको बताउन थाले।

त्यसैले यो क्रमलाई नियन्त्रण गर्न चालुपुँजी (वर्किङ क्यापिटल) कर्जा सम्बन्धी मार्ग-निर्देशनमार्फत कडाइ गर्न खोजियो। यसले गर्दा रियल-इस्टेट कारोबारमा केही कमी आएको देखियो।

तर अहिले फेरि अर्थतन्त्र चलायमान नभएको भनी नयाँ कर्जा विस्तारको नीति लागू गरिएको छ। हुन त यो नीति कार्यान्वयनको पछाडि रहेको मुख्य उद्देश्य घरजग्गा क्षेत्रको मूल्य वृद्धिलाई प्रोत्साहन गर्नु थियो। यद्यपि यस अवस्थामा अर्थतन्त्रले आत्मविश्वास गुमाइसकेको हुँदा घरजग्गा बजारले पुनः गति लिन सकेको छैन।

नेपालमा घरजग्गा केवल व्यापारिक कारोबारको क्षेत्र मात्र नभई कालो धन सुरक्षित राख्ने सबभन्दा सजिलो माध्यम बनेको छ, जहाँ राजनीतिक घुस, भ्रष्ट कर्मचारीतन्त्रको कमिसन र आपराधिक रकम सजिलै लुकाइन्छ। यही कारण यस क्षेत्रमा पारदर्शिता ल्याउने हरेक प्रयास सुरूमै दबाइन्छ।

सरकार आफै मौद्रिक नीतिलाई जग्गाको मूल्य कृत्रिम रूपमा बढाउने औजारको रूपमा प्रयोग गरिरहेको देखिन्छ, जसको प्रत्यक्ष फाइदा राजनीतिक नेताहरू, भ्रष्ट कर्मचारी र आपराधिक सञ्जाललाई पुगिरहेको छ।

केही महिनाअघि मात्र, 'मनी लाउन्डरिङ' रोक्न भनेर ल्याइएको एउटा महत्त्वपूर्ण नियम हटाइयो। यो नियम अनुसार घरजग्गा किनबेच गर्दा किन्ने र बेच्ने दुवै पक्षले बैंक स्टेटमेन्ट अनिवार्य पेस गर्नुपर्ने व्यवस्था गरिएको थियो। तर प्रधानमन्त्री कार्यालयको हस्तक्षेप र घरजग्गा व्यवसायीहरूको दबाबका कारण उक्त नियम लागू हुन नपाउँदै खारेज गरियो।

यो सानो देखिने निर्णयले ठूलो सन्देश दियो – राजनीतिक नेतृत्व र नीति निर्माताहरूको प्राथमिकता जनताको हितमा नभई आफ्नै सम्पत्ति सुरक्षित राख्नमा केन्द्रित थियो।

सहरी विकासमा परेको प्रभाव

घरजग्गाको मूल्यमा भएको अस्वाभाविक वृद्धिले मुलुकको समग्र अर्थतन्त्रमा पार्ने प्रभावबारे नेपालमा विगत केही समयदेखि व्यापक बहस र विश्लेषण भइरहेका छन्।

सामान्य आम्दानी भएकाहरूका लागि जागिरको भरमा घर किन्न असम्भवजस्तै अवस्थामा पुगेको र रियल-इस्टेटमा अत्यधिक पुँजी प्रवाह हुँदा उत्पादन र रोजगारीजस्ता क्षेत्रमा अपेक्षित विकास नभएकाले यो क्षेत्रलाई अनुत्पादक मानिँदै आएको छ।

यस्तो अवस्था आउनुमा सरकारको खुकुलो नीति एक प्रमुख कारण होला। तर यसबाहेक अर्को महत्त्वपूर्ण कारण नियमनकारी निकायको अभाव पनि हो। नियमन नहुँदा जग्गा दलालहरूले अनधिकृत रूपमा मूल्य बढाउने कार्यमा सक्रियता देखाउँदै आएका छन्।

तर अहिलेको सबैभन्दा महत्वपूर्ण कुरा भनेको घरजग्गा क्षेत्रमा देखिएको विकृतिले नेपालको समग्र सहरी विकासमा पारेको गम्भीर नकारात्मक प्रभाव हो। किनकि व्यवस्थित सहरीकरणका लागि भूमि व्यवस्थापन अत्यन्तै जरूरी छ र योजनाबद्ध रूपमा भूमि उपयोग नहुन्जेल सहरी विस्तार दिगो बन्न सक्दैन।

अहिले सहरी क्षेत्रमा अनियन्त्रित जग्गा प्लटिङ, घरजग्गा कारोबारमा बढ्दो अराजकता र दिगो पूर्वाधारको बेवास्ताले समस्या झन् गम्भीर बन्दै गएको छ।

परिणाम स्वरूप सडक, ढल, खानेपानी, शिक्षा, स्वास्थ्य, फोहोर व्यवस्थापनजस्ता आधारभूत सेवाको अभाव देखिन थालेको छ। खुला क्षेत्रहरूको विनाश, अनियोजित बस्ती विस्तार, ट्राफिक जाम र वायु प्रदूषणजस्ता समस्या तीव्र रूपमा बढ्दै गएका छन्। यसले सहरी जीवनलाई दिनप्रतिदिन झन् जटिल र असहज बनाउँदै लगेको छ। सहरीकरणको यो प्रक्रिया अस्तव्यस्त, एकीकृत योजनाविहीन र पूर्वतयारीबिना अघि बढिरहेको छ।

पूर्वअर्थ सचिव तथा हालै नियुक्त अर्थमन्त्री रामेश्वर खनालज्यूको अध्यक्षतामा बनेको उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले पनि सहरी क्षेत्रमा बढ्दो प्लटिङ प्रवृत्तिले सहरको स्वरूप बिगारिरहेको उल्लेख गरेको थियो। योजनाविहीन रूपमा फैलिएका बस्तीहरूले सेवा प्रवाह असहज बनाउने मात्र नभई दीर्घकालीन रूपमा वातावरणीय, भौतिक र सामाजिक संकटको खतरा बढाउँदै लगेको प्रतिवेदनमा उल्लेख छ।

अव्यवस्थित सहरीकरणका कारण उत्पन्न हुँदै गइरहेका समस्या तथा दीर्घकालीन जोखिमप्रति पनि चिन्ता व्यक्त गर्दै, योजनाबद्ध सहरी विकासका लागि कानुनी, संस्थागत र नीतिगत सुधार आवश्यक रहेको आयोगले उल्लेख गरेको छ।

आशा छ, अहिले खनालज्यू नै अर्थमन्त्री बन्नुभएको सन्दर्भमा सहरी विकास क्षेत्रको सुधार उहाँको प्राथमिकतामा पर्नेछ।

व्यवस्थित सहरीकरणको सुरूवात कहाँबाट गर्ने?

नेपालमा अहिले दक्ष सहरी योजनाकारको अभाव छ। सहरी विकासका लागि आवश्यक विशेषज्ञता र दीर्घकालीन योजना निर्माण गर्ने क्षमता अत्यन्तै कमजोर भएकै कारण सहरी विस्तार योजनाविहीन र असंगठित रूपमा अघि बढिरहेको छ।

अहिले सतहमा देखिएका र देशको नीति निर्माणमा प्रभाव पार्ने हैसियतमा रहेका धेरैले आफूलाई योजनाकार भन्छन्। तर उनीहरूको प्राथमिक

❖ बाँकी तेस्रो पृष्ठमा

# निर्वाचनमै लोकतन्त्रको भविष्य


• बिपुल पोखेल

नेपाल नयाँ मोडमा उभिएको छ । विगतका राजनीतिक अनुभव, सङ्घर्ष, जेनजीमा देखिएको असन्तोष र त्यसको प्रतिक्रिया स्वरूप उत्पन्न विद्रोहबाट गुज्रँदै देश फेरि संवैधानिक बाटोमा अघि बढ्दै छ । देशमा नयाँ अन्तरिम सरकार बनेको छ । राष्ट्रपति रामचन्द्र पौडेलको सुझबुझपूर्ण कदम देशलाई लोकतान्त्रिक अभ्यासको गतिमा अघि बढाउने प्रमुख आधार बनेको छ ।

राष्ट्रपति पौडेल स्वयम् लोकतन्त्रकै लागि लामो समय लडेका नेता हुनुहुन्छ । उहाँकै दीर्घकालीन राजनीतिक अनुभव र लोकतान्त्रिक मूल्यप्रतिको प्रतिबद्धताकै कारण देश सङ्कटको घडीबाट संवैधानिक बाटोमा अघि बढेको छ । उहाँले भने झैं "जुक्तिले प्राप्त अवसरको सदुपयोग" नै लोकतन्त्रवादीको धर्म हो । संविधान जोगिएको छ, संस्थागत लोकतन्त्र जीवित छ र अबको दायित्व भनेको देशलाई कमभन्दा कम क्षति पु-याएर नयाँ बाटोमा अघि बढाउनु हो ।

नयाँ सरकारलाई छ महिनाभित्र निर्वाचन गराउने जिम्मेवारी छ । निर्वाचन लोकतान्त्रिक अभ्यासलाई सुनिश्चित गरी देशलाई नयाँ मनोविज्ञानका साथ अगाडि बढाउने मह□वपूर्ण विकल्प पनि हो । अहिले पनि निर्वाचित राष्ट्रपति, राष्ट्रिय सभा, प्रदेश सभा र स्थानीय तहका प्रतिनिधि क्रियाशील छन् । संविधान सानो क्षतिबाट जोगिएको छ । प्रतिनिधि सभाको निर्वाचनबाटै त्यो क्षति पूर्ति गर्ने प्रतिबद्धता प्रकट भइसकेको छ । नवनियुक्त प्रधानमन्त्री सुशीला कार्कीले आफ्नो दायित्व आउँदो फागुन २१ गते निर्वाचन गरेर सत्ता हस्तान्तरण गर्ने रहेको धारणा सार्वजनिक रूपमा व्यक्त गर्दै आउनुभएको छ । अहिलेको परिस्थितिमा कोही पनि आत्तिने, सशङ्कित हुने होइन, सम्बन्धित स्टेक होल्डरहरू निर्वाचनलाई मुख्य अभियान ठानेर संयमित हुनु नितान्त आवश्यक छ । यो संवेदनशील मोडमा आएर मुलुकलाई सही दिशामा हिँडाउने प्रक्रियासँग विमति राख्दै कुनै पनि पक्ष भड्कियो भने देशका संरचनामा खलल पैदा हुन सक्छ । यसतर्फ सबैको सचेतता आवश्यक छ ।

निर्वाचन भनेको प्रक्रियागत काम मात्र होइन, लोकतान्त्रिक भविष्य सुनिश्चित गर्ने र त्यो लोकतान्त्रिक अभ्यासबाटै नागरिकलाई लाभान्वित गराउने सुन्दर अवसर पनि हो । यही निर्वाचनमार्फत आउने संसद्ले आवश्यक परे संविधान संशोधनदेखि नयाँ कानुन निर्माण वा विद्यमान कानुनमा सुधार गर्ने जिम्मेवारी पाउने छ । यसरी सोच्दा आगामी संसद् र सरकारले देशलाई नयाँ युगमा डोऱ्याउने सामर्थ्य राख्ने छ भन्ने विश्वास गर्न सकिन्छ । यही विश्वासलाई आधार मानी निर्वाचन प्रक्रियामा सघाउनु आमनेपालीको साझा दायित्व हो ।

सडकमा उत्रिएको जेनजीको माग सुशासन, राजनीतिक स्थिरता र भ्रष्टाचारमुक्त समाज निर्माण हो । उनीहरूले अवसर र वितरणमा समानता खोजेको हो । 'नेप्पो बेबिज' (लाभको पदमा बसेका र पटक पटक अवसर पाएकाका सन्तान) को वैभवशाली जीवनशैलीविरुद्ध आक्रोश पनि हो । अब बन्ने संसद्ले भ्रष्टाचारका काण्डको निर्मम छानबिन, समान अवसरको सुनिश्चित र संस्थागत सुधारका लागि कानुन निर्माण गर्ने कार्यमा दृढ सङ्कल्प गर्नुपर्ने छ । यो सङ्कल्प कार्यान्वयन भए मात्र आन्दोलनले उठाएको मुद्दाको व्यावहारिक सम्बोधन हुने छ । तब मात्र नयाँ पुस्ताले लोकतन्त्रलाई आफ्नै भविष्यका रूपमा अँगाल्ने छ ।

नयाँ सरकारको पहिलो प्राथमिकता निर्वाचन दत्तचित्त हुनु अनिवार्य छ । आन्दोलनको म्यान्डेट भनेको असन्तोषलाई विधि र प्रक्रियामा परिणत गर्ने हो । बहुसङ्ख्यक जनताको सहभागिता रहेको निर्वाचनमार्फत नयाँ संसद् स्थापित गर्नु अहिलेको अपरिहार्यता हो । अगाडिको मार्गप्रशस्त गर्ने विधि र प्रक्रिया पनि यही नै हो । नयाँ संसद्बाटै थिति र विधि निर्माणको प्रारम्भ हुने छ । अबको संसद् नयाँ मनोविज्ञानका साथ प्रस्तुत हुने छ । जेनजी आन्दोलनको जगमा निर्वाचन हुन लागेकाले उम्मेदवारले धेरै जनताको प्रश्नको उत्तर पनि सामना गर्नुपर्ने छ । राजनीतिक दललाई पनि परम्परागत घोषणापत्रका आधारमा निर्वाचनमा जान सहज हुने छैन । राजनीतिक स्थिरता कसरी ? भ्रष्टाचार रोक्ने उपाय के ? अहिलेसम्मको भ्रष्टाचारका काण्डको निरूपणप्रतिको प्रतिबद्धता कस्तो छ ? अवसर र लाभको असमान वितरण कसरी रोक्ने ? लाभ र अवसरमा निश्चित परिवार र समूहमा सीमित नगर्ने कसरी ? कस्ता कानुन निर्माण गरेर थिति बसाल्ने हो ? यी र यस्ता प्रश्नको सामना गरेर मात्रै यो चुनावबाट दलहरूले पार पाउने छन् । जेनजी आन्दोलनको परिदृश्यबिच संसद् प्रवेश गर्दैगर्दा उनीहरूमा फरक मनोविज्ञानको विकास भइसक्ने विश्वास गर्न सकिन्छ । फरक मनोविज्ञानसहित बनेको संसद्ले यथास्थितिवादी सोचको चक्करमा समय व्यतीत गर्ने कुनै गञ्जायस रहने छैन ।

सरकार अलमल नगरी चुनावमा केन्द्रित हुन आवश्यक छ । सुशासनमा सुधारको छनक दिनु सरकारको अर्को प्राथमिकता बन्नु पर्छ । विद्यमान कानुन र संरचनाभित्रै सुधार गर्ने प्रशस्त ठाउँ छन् । गैरराजनीतिक र विषयविज्ञ सम्मिलित मन्त्रीमण्डल बनाउने प्रधानमन्त्रीको घोषणा छ, त्यस्ता पात्र समेटिएका पनि छन् । उनीहरूबाट निर्वाचनसम्म पुग्दा पनि सुधारका प्रयास हुन थाल्यो भने नागरिकमा विश्वास र आशाको सञ्चार हुने छ । नागरिकले विश्वास र आशा गर्ने वातावरण निर्माण गर्नु सरकारको अर्को प्रमुख दायित्व हो । यही विश्वास नै नयाँ यात्राका लागि ऊर्जा बन्ने छ । निर्वाचनसम्मको कार्यभार सम्पन्न गर्ने सरकारलाई पनि त्यो ऊर्जा सहयोगी हुने छ ।

परिस्थिति समालिँदै गए पनि केही चुनौती भने छन् । सरकारले ती चुनौती चिर्न केही संवेदनशीलतामा ध्यान दिनै पर्छ । केवल आन्दोलनकारीको आक्रोशलाई प्रतिनिधित्व गर्ने पात्रलाई मात्र आफ्नो साथमा लिएर अघि बढ्दा सरकारलाई गन्तव्यमा पुग्न कठिन हुन सक्छ । निर्वाचनको राजनीतिक मह□वलाई राम्रोसँग बुझ्ने, संयोजनकारी भूमिका खेल्ने, राजनीतिक परिस्थितिको गहिरो विश्लेषण गर्ने चेतना भएको, लोकप्रियतावादभन्दा पर रहन सक्ने र निरन्तर गृहकार्य गर्ने जाँगर भएका पात्रलाई समेत साथमा लिएर मात्र सरकार सफल हुन्छ ।

निर्वाचनको अर्को मह□वपूर्ण पक्ष भनेकै राजनीतिक दल हुन् । उनीहरूले

❖ बाँकी तेस्रो पृष्ठमा

# जेनजी आन्दोलनमा लुटिएका ८ सय बढी हतियार अझै गायब

झापा(प्रस) । जेन-जी आन्दोलनको क्रममा लुटिएकामध्ये नेपाल प्रहरीका ८ सय भन्दा बढी हतियार अझै गायब छन् ।

२३ र २४ भदौमा देशभर भएको जेन-जीको प्रदर्शनको क्रममा प्रहरीका साना ठूला गरी ११ सय भन्दा बढी हतियार लुटपाट भएको थियो । प्रहरी कार्यालय तोडफोड र आगजनी गर्दै हतियार लुटेर लगेको तस्बिर, भिडिओमा समेत देखिन्थ्यो । तीमध्ये तीन सयभन्दा बढी हतियार फिर्ता तथा सुरक्षा निकायले बरामद गरेका छन् ।

तर अझै ८ सय भन्दा बढी हतियार गायब रहेको प्रहरी प्रधान कार्यालयका अधिकृतहरु बताउँछन् ।




हतियार खोज्नका लागि समिति नै बनाएर अहिले काम भइरहेको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता तथा डीआईजी विनोद घिमिरेले बताए । प्रहरीका हतियार अहिलेसम्म गायब हुँदा सुरक्षा चुनौती बढ्दो छ भने यता सुरक्षाकर्मी भने हतियारविहीन हुनुपर्ने अवस्था छ ।

लुटिएकामध्ये केही हतियार नेपाली सेनाले बरामद गरेको थियो । केही हतियार तथा पेस्तोलसहित प्रहरीले केही व्यक्तिलाई पक्राउ पनि गरेको थियो । तर अझै ठूलो संख्यामा हतियार गायब रहेको पाइएको छ ।

प्रदर्शनको क्रममा प्रहरीका हतियार नै बोकेर आन्दोलनकारी हिँडेका थिए । प्रहरीलाई आत्मसमर्पण गर्न लगाउनेदेखि बर्दी र हतियार फुकाल्न लगाउनेसम्मका काम भएका थिए ।

# ओलीको अभिव्यक्ति ‘अराजक’

झापा(प्रस) । नेकपा एमाले अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले गुन्डुमा बिहीबार आयोजित एक कार्यक्रममा दिएको अभिव्यक्तिबारे सामाजिक सञ्जालमा चर्को आलोचना भएको छ । कार्यक्रममा उनले गरेका टिप्पणी असंयमित र देशलाई झन् हिंसातिर लैजाने खालको भएको भन्दै असन्तुष्टि व्यक्त भएका हुन् । एमाले अध्यक्ष ओलीले असंवैधानिक ढंगले विघटन भएको भन्दै तत्काल संसद फिर्ता गराउने बताएका छन्।



भक्तपुर जिल्ला कमिटीले आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै ओलीले नेपाली कांग्रेसले पनि यहि बाटोमा लाग्नुपर्ने बताएका हुन्।

‘देशको लोकतान्त्रिक बाटोमा फर्काउन असंवैधानिक ढंगले विघटन भएको तत्काल संसद फिर्ता गर्ने मागलाई राखेर अगाडि बढ्नेबाहेक अर्को विकल्प छैन। मैले विश्वास लिएको छु कांग्रेस पनि यहि बाटोमा अगाडि बढाउने छ। एमाले यहि बाटोमा अगाडि बढ्नेछ। अन्य पार्टी पनि लाग्नेछन्।’ओलीले भने, ‘ अर्को बाटो छैन। देशलाई लोकतान्त्रिक बाटोमा फर्काउने। असंवैधानिक बाटोलाई मान्यता दिँदा देश बर्बाद हुन्छ। पछि ढिला भएछ भनेर पछुतो मान्छन्।’

अध्यक्ष ओलीले अहिले सरकार नेपालीको नभएको दाबी गरे । ओलीले नेपालीको प्रतिनिधि चाहिँ होइन, अरु कसैको प्रतिनिधि भएको बताए।‘मैले अस्ति पनि भने, यो जसरी बन्यो मैले संक्षेपमा भनेको छु सरकार हा हुँबाट बनेको सरकार हो, त्यसको अलि व्याख्या गरेको छैन। समयमा गरुँला।’ओलीले भने, ‘ यो सरकार कसैको प्रतिनिधि होइन। नेपालीको चाहिँ होइन। अरु कसैको भए मलाई थाहा छैन। कसैले छानेको सरकार होइन यो। उहाँहरु एउटा खास उद्देश्यले काम गरिरहनुभएको छ।’

उनले कसरी केपी ओली र रमेश लेखकलाई कसरी गिरफ्तार गर्न सकिन्छ भनेर सरकार लागिपरेको बताए। ओलीले चुनाव गराउन भन्ने राष्ट्रपतिले तोकिदिएको म्याण्डेट भएको बताए। उनले भने, ‘कार्कीलाई राम्ररी थाहा छ। नेपालको संविधानको व्याख्या गरेर आएको मान्छे हो। के के व्याख्या गर्नुभयो त्यो छोडौं तर नेपालको संविधानले स्पष्ट रुपमा भन्छ। प्रधानन्यायाधीश भइसकेको व्यक्ति कुनै पनि सरकारी लाभका पदमा बस्न सक्दैन। प्रधानमन्त्री मन्त्रीको कुरा छोडौं। तर उहाँ सुरिनु भयो। त्यो सुरिन २३ र २४ गते जेनजी भनेर सडकमा उत्रनुभयो। उहाँ के कामका लागि उत्रनुभयो ? चुनाव गराउन भन्ने त राष्ट्रपतिले तोकिदिएको म्याण्डेट हो। उहाँहरुको होइन।’

# राष्ट्रिय सभाको अधिवेशन छठपछि बोलाउने तयारी



झापा(प्रस) । राष्ट्रिय सभाको अधिवेशन तिहार र छठ पर्वपछि बोलाउने तयारी भएको छ । सभा सञ्चालनका लागि सिंहदरवार भित्रै रहेको राष्ट्रिय सभाको पूरानो सभाकक्षलाई व्यवस्थापन गरिँदैछ ।

संसद सचिवालयकी सहसचिव सीता काफ्ले वाग्लेका अनुसार सभा बस्नका लागि हलको टुंगो लागेपछि व्यवस्थापनको काम सुरु गरिएको हो ।

उनले भनेकी छन्, ‘पहिलेको राष्ट्रिय सभा अहिलेको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको हललाई सभा बसाउनको लागि तयारी भइरहेको छ ।’ सहरी विकास मन्त्रालयको टोलीले निरिक्षण गरेपछि उक्त हलमा व्यवस्थापन गर्ने गरी काम सुरु भएको हो । उनका अनुसार हाल हल रहेको स्थानमै अगाडि ड्यास बनाइनेछ, दर्शकदिर्घा बनाइनेछ । सभाको लागि आवश्यक अन्य व्यवस्थापन गरिनेछ । यो काम सरकारसँगको समन्वयमै भएको उनले जानकारी दिइन् ।राष्ट्रिय सभाको मात्रै अधिवेशन बोलाउन सक्ने संवैधानिक प्रावधान रहेको उल्लेख गर्दै उनले सभा बसेपछि सांसदहरूले संकल्प प्रस्ताव, जरुरी सार्वजनिक महत्वको प्रस्ताव, ध्यानाकर्षण प्रस्तावहरूमाथि छलफल हुन सक्ने बताइन् ।

राष्ट्रिय सभामा उत्पति भएर राष्ट्रिय सभामै रहेका विधेयकमाथि समेत छलफल गरेर पारित हुन सक्दछ । जो प्रतिनिधि सभाको चुनाव भएर आए लगत्तै पठाउन र सकिन्छ । दुवै सभाबाट पारित भएर राष्ट्रपतिकहाँ पुगेर प्रमाणीकरण भएपछि मात्रै विधेयक ऐनमा रुपान्तरित हुन्छ ।

## निर्वाचनमै...

पनि निर्वाचनको निष्पक्षता र पारदर्शितामा विश्वास गर्ने वातावरण निर्माण गर्न सरकारले संयोजनकारी भूमिका निर्वाह गर्न सक्नु पर्छ । सरकारले निर्वाचनमा केन्द्रित भई सबै राजनीतिक दलको साथ र सहयोग लिन सक्नु पर्छ । अन्तरिम सरकारले समन्वयकारी भई कतिसम्मको अडान लिने भन्ने विषयमा हाम्रै देशको इतिहासलाई ‘रेफ्रेन्स’ का रूपमा लिन सक्छ । २०१५ सालमा अन्तरिम सरकारको नेतृत्व गर्दै अलमलमा परेको परिस्थितिलाई समाल्दै सुवर्ण शमशेरले कसरी आफ्नो दायित्व निर्वाह गरेका थिए भन्ने विषय यो सरकारले अध्ययन गरोस् । त्यसै गरी २०४६ सालको परिवर्तनपछि कृष्णप्रसाद भट्टराईले, २०६२/६३ सालपछिको गिरिजाप्रसाद कोइरालाले र दोस्रो संविधान सभा विघटनपछि खिलराज रेग्मीले यस्तै अन्तरिम दायित्व कसरी निर्वाह गरेका थिए भन्ने विषयको अध्ययनले सरकारलाई ठुलो सहयोग पुग्ने छ ।

नेपालको निर्वाचन खर्चिलो भयो, यसबारे पुनर्विचार गरिनुपर्ने बहस लगातार भइरहन्छ । कर्मचारी, प्रहरी, प्रशासन, नेता, मतदाता, मिडिया सबैका लागि ‘चुनाव आयो भने दसैं आयो’ भन्ने मानसिकता देखिन्छ, जो एक प्रकारको विकृति हो, मनोरोग हो । यस पटक सरकारले ‘मितव्ययी निर्वाचन’ लाई आफ्नो प्रतिष्ठाको विषय बनायो भने त्यो लोकतान्त्रिक संस्कृतिका लागि नयाँ अभ्यास हुने छ । निर्वाचन आयोगले उम्मेदवारको निर्वाचन खर्चको नक्कली विवरण नलिने र त्यसमा कडाइ गर्ने काम पनि गर्नु पर्छ । खर्चको अनुगमन गर्ने र सीमा नाघेमा कारबाही गर्ने म्यान्डेट आयोगलाई दिनु पर्छ ।

देश अब नयाँ पुस्ताकै हातमा सुम्पिनुपर्ने घडी आएको छ । एउटा भनाइ छ, अघिल्लो पुस्ताले आफूले उपभोग गरेको समाजलाई ब्याजसहित नयाँ पुस्तालाई हस्तान्तरण गर्नु पर्छ । त्यो ब्याज भनेको केही सकारात्मक योगदानका साथ हस्तान्तरण गर्नु हो । पुरानो पुस्ताले लोकतन्त्रको सुनिश्चितसहित नयाँ पुस्तालाई देश हस्तान्तरण गर्ने जिम्मेवारी पूरा गर्नु अहिलेको दायित्व हो । आगामी निर्वाचन दलहरूका लागि मात्र होइन, मतदाताका लागि पनि एउटा कोसेढुङ्गा बन्नु पर्छ । नयाँ पुस्ताको परिभाषा निर्वाचन आयोगमा दल दर्ताको मितिका आधारमा गर्ने हो भने त्यो अर्को दुर्भाग्य हुने छ । नयाँ भनेको चेतना हो, सबै पुस्ताको सम्मान हो, प्रतिनिधित्व हो, परिपक्वताको खोजी हो । स्वार्थ र लाभसँग टाढा रहन सक्ने क्षमता हो । यही ‘नयाँ’ को परिभाषा यस निर्वाचनमार्फत स्थापित गर्ने अवसर हाम्रा सामु छ ।

यस कारण अब सबै दल, मतदाता र नेतृत्वले यही भाव बोकेर अघि बढ्नु पर्छ । निर्वाचन केवल सत्ताको अदलबदलको प्रक्रिया मात्र नभई नेपालको लोकतान्त्रिक अभ्यासलाई नयाँ आधार दिने प्रक्रिया हो । नयाँ पुस्ताले यो अभ्यासलाई आफ्नो भविष्यसँग गाँस्ने अवसर पाउने छन् । सरकारको सम्पूर्ण ध्यान चुनावमा, पारदर्शितामा, सुशासनको अनुभूति दिलाउने दिशा र सुधारका सङ्केतमा हुनु पर्छ । यही बाटो नै निःसन्देश नेपाललाई स्थिर, लोकतान्त्रिक र समृद्ध भविष्यतर्फ लैजाने मुख्य आधार बन्ने छ ।

## अब...

चासो सहरी विकास भएको देखिँदैन। केहीको त भित्री धन्दा घरजग्गा कारोबारमा केन्द्रीत छ। यसरी योजना र नीतिमा प्रत्यक्ष प्रभाव पार्ने व्यक्तिहरूको निजी स्वार्थ हाबी हुँदा सहरी विकासको दिशा नै बिग्रिँदै गएको छ।

अहिले देशकै क्रेडिट रेटिङका लागि विदेशी संस्थाहरूले काम गर्न थालेको चर्चा छ। त्यस्तै, सहरी विकास योजनामा पनि दक्ष विदेशी परामर्शदातासँग सहकार्य गरेर भए पनि अघि बढ्नुपर्ने आवश्यकता दिनानुदिन बढिरहेको छ।

केही व्यक्तिहरू साँच्चै योग्य र क्षमतावान भए पनि अवसर नपाएका वा उचित भूमिकाबाट वञ्चित भएका हुन सक्ने सम्भावना पनि उत्तिकै छ।

**तत्कालै गर्न सक्ने कामहरू**

नेपालमा हाल भूमि व्यवस्थापन र सहरी विकास अलग अलग मन्त्रालयमा विभाजित छन्। तर दीर्घकालीन सहरी योजना र व्यवस्थित विकासका लागि यी दुवै निकाय एउटै संरचनामा राखिनु आवश्यक छ। काठमाडौं उपत्यका विकास प्राधिकरणलाई देशव्यापी कार्यक्षेत्र भएको शक्तिशाली रियल-इस्टेट तथा सहरी विकास प्राधिकरणको रूपमा रूपान्तरण गर्नु आवश्यक छ, जसले यस क्षेत्रको नियामक निकायको रूपमा काम गर्नेछ।

नेपालमा मालपोत र नापी कार्यालयहरू व्यापक भ्रष्टाचार र अनियमितताको केन्द्र बनेका छन्। भूमाफियासँगको साँठगाँठमार्फत् कित्ताकाट र खण्डीकरण गरेर सहरी क्षेत्र अव्यवस्थित बनाउनेमा यी कार्यालयहरूको भूमिका देखिन्छ। यस्ता कार्यालय तुरून्त खारेज गरी स्थानीय निकायको अन्तर्गत ल्याएर पारदर्शिता र नियमन सुनिश्चित गर्न आवश्यक छ।

साथै, देशभर कुनै पनि घरजग्गा खरिद-बिक्री, कित्ताकाट, प्लटिङ र खण्डीकरणजस्ता भूमि व्यवस्थापन सम्बन्धी सबै गतिविधि तुरून्तै रोक्दै, व्यवस्थित सहरीकरणका लागि बृहत् गुरूयोजना तयार गर्न आवश्यक छ।

देशभर व्यक्तिले मिचेका सरकारी, सार्वजनिक र सामुदायिक जग्गाहरू तत्काल फिर्ता गराउन आवश्यक छ। साथै, मापदण्ड विपरीत निर्माण भएका सम्पूर्ण संरचना तुरून्त हटाउनुपर्छ।

हालै सरकारद्वारा जारी गरिएको सहरी नीतिलाई आत्मसात् गर्दै तत्काल सहरी विकास सम्बन्धी ऐन ल्याई, सहरी विकासको स्पष्ट ढाँचा तयार गर्न अपरिहार्य छ। यसका लागि देशी तथा विदेशी दक्ष सहरी योजनाकार, विज्ञ तथा परामर्शदातासँग सहकार्य गर्दै गाउँ, नगर, प्रदेशदेखि सम्पूर्ण देशको सहरी योजना बनाउनुपर्छ।

स्विट्जरल्यान्ड, सिंगापुर, दुबई र चीनले व्यवस्थित सहरीकरण र दीर्घकालीन योजनामार्फत् सहरी विकासमा सफलता पाएका उदाहरण हुन्।

यी देशहरूले स्पष्ट नियम, कडा भूमिको उपयोग नीति, पूर्वाधारको दिगो विकास र स्मार्ट-सिटी प्रविधि प्रयोग गरेर सहर व्यवस्थित र दिगो बनाएका छन्। नेपालको सन्दर्भमा पनि यस्तै मोडल अपनाएर सहरी योजना तयार गर्न सकिन्छ।

आधुनिक वा व्यवस्थित सहर निर्माणका लागि ठूलो लगानी, पर्याप्त स्रोतसाधन र समय आवश्यक पर्छ। तर अहिले नै स्पष्ट दुरदृष्टि सहित समग्र गुरूयोजना तयार पारेर प्राथमिकतामा आधारित काम अघि बढाइयो भने, भोलिका सहर व्यवस्थित र सुन्दर बन्न सक्छन्। त्यसैले सहरी विकासका सामाजिक, भौतिक, आर्थिक र वातावरणीय पक्षहरू समेटेर दीर्घकालीन, योजनाबद्ध, पारदर्शी र उत्तरदायी योजना निर्माण गर्नु आजको आवश्यकता हो।

जेन-जी आन्दोलनपछि अहिले देश भौतिक पुनर्निर्माणको चरणमा प्रवेश गरिसकेको छ। पुनर्निर्माण केवल सिंहदरबारको मात्रै होइन, देशकै गर्ने बेला आएको छ र यस पुनर्निर्माणको मूल आधार व्यवस्थित सहरीकरण हुनुपर्छ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

**राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।**
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

**झापा सामुदायिक वचत तथा ऋण सहकारी संस्था लि.**
भद्रपुर ७ को

**साधारण सभा सम्बन्धी जरुरी सूचना**

प्रस्तुत विषयमा यस झापा सामुदायिक वचत तथा ऋण सहकारी संस्था लि. भद्रपुर ७, चन्द्रगढीको उन्नाईसौं वार्षिक ईकाई तथा मुल साधारण सभा निम्न मिति, समय र स्थानमा सु-सम्पन्न गर्ने निश्चय भएको हुँदा सम्पूर्ण शेयर सदस्य ज्यूहरुको उपस्थतिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

कार्यक्रम :

| मिति | ईकाई नं | ईकाईमा पर्ने क्षेत्र | साधारण सभा हुने स्थान | समय |
|---|---|---|---|---|
| २०८२/६/२९ | ३ | विसम टोल हुँदै सरस्वतीचौकदेखि अन्जनीमोड, गार्मेन्ट, हल्दिवारी, जलथलसम्मका सदस्यज्युहरु | संकटेश्वर पाञ्चायन मन्दिर, अन्जनीमोड | विहान ठिक ११.०० बजे |
| २०८२/६/३० | ४ | केन्द्रमोड, चैतुवारी पश्चिम विर्तामोड सम्मका शेयर सदस्यज्यूहरु | गणेश पाञ्चायन मन्दिर, देउनिया | विहान ठिक ११.०० बजे |
| २०८२/६/३१ | १ | चन्द्रगढी, एस पि मोड हुँदै भद्रपुर बजार, शान्तिचौक, पोखरेलटोल र काफ्लेटोलका सदस्य ज्यूहरु | १० नं. वडा कार्यालय चन्द्रगढी | विहान ठिक ११.०० बजे |
| २०८२/७/०१ | २ | डाँगीवारी, घोडामारा, मेचीनगर र धनुषमोडदेखि पुहाँतुवारीसम्मका सदस्यज्यूहरु | मुना सामुदायिक भवन, देवकोटा चौक | विहान ठिक ११.०० वजे |

२०८२/०७/२९ गते वार्षिक मुल साधारण सभा
जि.स.स. को सभाहल, चन्द्रगढी झापा, विहान ठिक १०:०० वजे

**हरिप्रसाद गौतम**
अध्यक्ष
**झापा सामुदायिक वचत तथा ऋण सहकारी संस्था लि.**
भद्रपुर ७, चन्द्रगढी, झापा

**वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :**

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष** भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मीन** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ